म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१३ शनिबार, २ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 15 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## युवा संघ मकवानपुरद्वारा होलीमिलन

हेटौंडा, १ चैत/राष्ट्रिय युवा संघ नेपाल मकवानपुरले होलीपर्वको अवसरमा होलीमिलन कार्यक्रमको आयोजना गरेको छ । संघले हेटौंडा-५ स्थित एमाले पार्टी कार्यालयमा कार्यक्रम गरेको हो ।

राष्ट्रिय युवा संघ नेपाल मकवानपुरका जिल्ला संयोजक राजेश नगरकोटीको सभाध्यक्षतामा एवम् राष्ट्रिय युवा संघ नेपालका लेखाआयोग प्रमुख सन्तोष चौलागाईको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा सहभागीले एकआपसमा रंगहरु लगाउँदै होली खेलेर आआफ्नो खुशी आदानप्रदान गरेका थिए । नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामा, भूमि आयोग मकवानपुरका अध्यक्ष बलराम बल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

# हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको दोस्रो सातादेखि हुने

साझाकुरा संवाददाता




हेटौंडा, १ चैत/सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको दोश्रो साताबाट पुन: सुरु हुने भएको छ ।

गत असोजको पहिलो साताबाट बन्द भएको सिमेन्ट उत्पादन पुन सुरु गर्ने तयारी भएको हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले जनाएको छ । यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो । 'उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको छ, चैत्र पहिलो सातासम्ममा विद्युतको व्यवस्थापन गरेर सम्भवत चैत्र दोस्रो साताबाट उत्पादन सुरु हुन्छ' उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए ।

उद्योगका निमित्त महाप्रबन्धक नवीनकुमार कर्णले पनि उद्योग संचालनमा आउने बताएका छन् । 'तीन महिनादेखि कर्मचारीले तलब खान पाएका छैनन्, विहान बेलुकाको समयमा विद्युत काटिदाँ समस्या भएको छ । हामीले विद्युत ग्रीड माहाशाखा हेटौंडामा कुरा गरेका छौं, चैत्र पहिलो साताबाट विद्युत नियमित गर्ने कुरा छ । त्यसो भएमा हामी चैत दोस्रो साताबाटै उत्पादन सुरु गर्न सक्नेछौं' कर्णले बताए ।

निमित्तमहाप्रबन्धक कर्णले कामदार कर्मचारीको तलब भत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको बताए । उनले सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिवर्तन ल्याउन सकिने साथै उद्योगलाई जीवन्त राख्न सकिने भन्दै सहयोग गर्न आग्रह गरेका छन् ।

उद्योग संचालनका लागि अहिले आवश्यक कचचापदार्थ (क्लिङ्कर) समेत झर्न थालिएको उनले जानकारी दिएका छन् ।

यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको छ । उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन समेत गरेका थिए । दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेका छन् ।

केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन उद्योगले रोपवे बिक्री गरेको थियो । उद्योगको कच्चापदार्थ आपूर्तिका लागि खानी क्षेत्रबाट उद्योगसम्म निर्माण गरिएको रोपवे लामो समयदेखि बन्द अवस्थामा रहेको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपवे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पीएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको जनाएको छ ।

उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेका थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी थियो । विगतमा यातायातका साधनको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुंगा ओसार्नको लागि रोप-वे को प्रयोग भएको हो ।

पछिल्लो चरण यातायातको साधनको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वेबाट चुनढुंगा ल्याउन बन्द गरेको हो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको उद्योगले जनाएको छ । रोप-वे मा झुन्डिएका कतिपय डिब्बामा अझै पनि चुनढुंगा लोर्ड गरिएको अवस्थामा रहेको छ । २०६० सालमा आएको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भयो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुऱ्याएपछि पूर्णरुपमा बन्द भएको हो ।

उद्योग विगत केही वर्षदेखि घाटामा छ । २०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए । तत्कालीन राजा वीरेन्द्र शाहले उद्योगले २०४३ सालमा उद्घाटन गरेको यो उद्योगको उत्पादनले सिमेन्टको बजारमा मूल्य नियन्त्रण गर्न ठूलो भूमिका निर्वाह गरिरहेको छ ।

# स्वरोजगार मजदुर बचाउन 'स्टीकर प्रणाली' सफल: संयोजक न्यौपाने

साझाकुरा संवाददाता



इमान्दार चालक सुबास लामिछानेलाई सम्मानित गर्दै संयोजक न्यौपाने । *तस्वीर: साझाकुरा*

हेटौंडा, १ चैत/ तीन पाङ्ग्रे सवारी सञ्चालन गरेर गुजारा गर्दै आएका स्वरोजगार मजदुरलाई बचाउन हेटौंडा उपमहानगर पालिकाले ल्याएको 'स्टीकर प्रणाली' सफल भएको तीन पाङ्ग्रे व्यवस्थापन समिति संयोजक सविन न्यौपानेले बताएका छन् ।

हेटौंडा उपमहानगर पालिकाले नगरभित्र सञ्चालनमा र हेका तीन पाङ्ग्रे सवारीसाधनलाई व्यवस्थापन गर्न न्यौपानेको संयोजकत्वमा उपसमिति नै बनाएर विगत तीन वर्षदेखि निरन्तर कार्य गर्दै आएको छ । पहिलो चरणमा हरियो, दोश्रो चरणमा पहेंलो र तेस्रो चरणमा सेतो स्टीकर प्रदान गरेर नगरभित्र सञ्चालन अनुमति प्राप्त अटो तथा ई-रिक्सालाई चिन्ने गरी तथ्याङ्क व्यवस्थापनमा नगर सफल भएको न्यौपानेले बताएका हुन् ।

स्वरोजगार यातायात मजदुर मकवानपुर प्रालिको चौथो वार्षिकोत्सव शुक्रबार हेटौंडामा उद्घाटन गर्दै संयोजक न्यौपानेले स्टीकर प्रणाली लागू भएको तीन वर्षमा यसले व्यवस्थित रुप धारण गरेको बताए । उनले यसबीचमा छुट्टै सेवा केन्द्र नै स्थापना गरेर हेटौंडा उपमहानगरपालिकाले तीन पाङ्ग्रे सवारी सञ्चालन गर्दै आएका एक हजार आठसय ६० जना मजदुरको चुल्हो बाल्ने व्यवस्थापन गरेको बताए ।

'करिब दुई हजार मजदुरलाई व्यवस्थापन गर्न हामी सफल भएका छौं', संयोजक न्यौपानेले यसलाई दीगो तरिकाले अगाडि बढाउन सबै मजदुर र कम्पनीहरुले सहयोग गर्नुपर्ने औंल्याए । संयोजक न्यौपानेले तीन पाङ्ग्रे सवारी चलाउने मजदुरहरु भनेको हेटौंडा उपमहानगर पालिकाको अनुहार भएको बताए । 'तपाईहरुको गाडि चढ्न धेरै क्षेत्रका पर्यटकहरु आउने गरेका हुन्छन्, ती यात्रुहरुलाई तपाईहरुले गरेको व्यवहारले हाम्रो नगरको पहिचान झल्काउँछ', संयोजक न्यौपानेले आ-आफ्नो गाडिमा सन्देशमूलक र पर्यटकीय क्षेत्रको प्रचारमूलक सामग्रीबाहेक अन्य जथाभावी नलेख्न पनि सुझाव दिए ।

'तपाईंहरु अब हेटौंडा उपमहानगरपालिकाको अभिन्न अंगको रुपमा सूचिकृत भइसक्नु भएको छ, अब नयाँ नयाँ कार्यक्रममार्फत् तपाईंहरुलाई नगर पालिकाले सहयोग गर्दछ', संयोजक न्यौपानेले गैरकानूनी सामग्री बोक्ने र आपराधिक कार्यमा संलग्न गराउन खोज्ने यात्रुहरुबाट सजग रहन पनि ध्यानाकर्षण गरे ।

प्रालिका अध्यक्ष राकेश कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा दुर्घटना नगरी, अनुशासित ढंगले तीन पाङ्ग्रे सञ्चालन गर्ने सुवास लामिछाने, देवबहादुर कार्की र बन्दना बानियाँलाई नगद र प्रशंसापत्रले सम्मानित गरिएको थियो । कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन महासंघका जिल्ला अध्यक्ष रामशरण घिमिरेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# पत्रकार महासंघ मकवानपुर शाखाले मनायो होली

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ फागूपूर्णिमा अर्थात होलीपर्वका अवसरमा बिहिबार नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले होलीमिलन तथा शुभकामना आदानप्रदान गरेको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाभवनमा महासंघका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा होलीमिलन कार्यक्रम भएको हो । होलीपर्वका अवसरमा विभिन्न रंग दल्दै शुभकामना आदानप्रदान गरेर पर्व मनाएका थिए । साथीभाइबीच भएको रिसरागलाई अन्त्य गर्दै एकआपसमा रंग साटासाट गर्दै फागूपूर्णिमा मनाउने गरिन्छ ।

कार्यक्रममा पत्रकार महासंघका बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर, उपाध्यक्ष हरि हुमागाई संस्थापक अध्यक्ष प्रताप विष्टलगायत मकवानपुरका सक्रिय संचारकर्मीको सहभागिता रहेको थियो । होली पर्वकै अवसरमा नेपाल प्रेस युनियन मकवानपुरले पनि होलीमिलन कार्यक्रम गरी पर्व मनाएको छ ।

# मानवसेवा आश्रमले महायज्ञ गर्ने




साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/हेटौंडा उपमहानगरपालिका वडा नं ९ स्थित मानवसेवा आश्रमको मुख्य कार्यालयको क्षमता अभिवृद्धि र आश्रम व्यवस्थापनलाई थप सहज बनाउन श्रीमद्भागवत पुराण महायज्ञ आयोजना हुने भएको छ ।

शुक्रबार कार्यालयमा पत्रकार सम्मेलन गरी आश्रमले यही चैत्र १७ गतेदेखि २४ गतेसम्म श्रीमद् भागवत् सप्ताहज्ञान महायज्ञ हुने जानकारी दिइएको हो । महायज्ञबाट उठेको रकमबाट अहिले रहेको ५ करोडमा थप ५ करोड थपी १० करोडको अक्षयकोष स्थापना गरिने बताइएको छ ।

विभिन्न संघसंस्थाको सहकार्यमा किचन, डाईनिङ हल, कोल्डस्टोर सहितको भवन पुननिर्माण गर्ने लक्ष्यको साथमा महायज्ञ आयोजना गर्न लागिएको आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिए । त्यसैगरी २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको संकल्पलाई पुरा गर्नको लागि समेत आधार तयार पार्न महायज्ञले सहयोग पुऱ्याउने उनको भनाई छ ।

महायज्ञको पहिलो दिन चैत्र १७ गते बिहान ८ बजेदेखि राप्तीतट स्थित गोरक्षश्वरधामबाट कलशयात्रा निकालिने महायज्ञ मुलसमारोह समितिका संयोजक बद्रीनाथ शर्माले जानकारी दिएका छन् । प्रत्येक दिन बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म भागवत कमलनयन गौतमबाट कथा प्रवचन हुने उनले बताए । महायज्ञ सम्पन्न गर्न २० देखि ३० लाख खर्च हुने अनुमान आश्रमले गरेको छ ।

हेटौंडामा हुन लागेको यो महायज्ञ १० औं हो । यसअघि आश्रमले चितवन, लमजुङ, पोखरा, बुटवल, दाङ, सुर्खेत, बुटवल, धनगढी र सर्लाहीमा महायज्ञ गरिसकेको छ । हेटौंडास्थित कार्यालयले हालसम्म १ हजार ७ सय ९६ जनाको उद्दार गरिसकेको छ भने २ सय ३८ जना अझै पनि आश्रित छन् ।

## थाहानगरमा हावाहुरीले घरको छाना र तरकारीका टनेल उडाए

# प्रतिघर ३० हजार रुपैयाँ राहत दिइने



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ मकवानपुरको थाहा नगरपालिकामा बिहीबार बेलुकाको हावाहुरीले दर्जनौं घरका छाना र तरकारीका प्लास्टिकका टनेल उडाएको छ ।

थाहा नगरपालिका-३ र ४ वडाका करिब सय घरको जस्तापाताको छाना र करिब ८० वटा टनेल हावाहुरीले उडाएको थाहा नगरपालिका सूचना अधिकृत सुरज भुजेलले बताए । 'यो प्रारम्भिक तथ्यांक मात्र हो,' उनले भने । बिहीबार बेलुका साढे ६ बजेतिर पानीसँगै आएको हावाहुरीले घर्तीखोला भैरव मन्दिरमाथिको क्षेत्रका अधिकांश जस्तापाताको छाना भएका घरको छाना उडाएको छ ।

प्लास्टिकको टनेलमा ५० वटा भन्दा बढी उडाएको स्थानीय अगुवा कृषक सुदर्शन विष्टले भने, 'हावाहुरीले घरको छाना मात्र उडाएन तरकारीखेती गरिरहेको प्लास्टिकको टनेल पनि उडायो ।' थाहा नगरपालिका-३ मा निर्माणाधीन कोल्ड स्टोरको जस्तापाताको छाना पनि हावाहुरीले उडाएको छ । हावाहुरीले थाहा नगरपालिका-४ को धारापानी, नयाँगाउँ र ३ नम्बर वडाको घर्तीखोलासहित करिब सय घरभन्दा बढीको छाना उडाएको छ भने ८० भन्दा बढी तरकारीका प्लास्टिकका टनेल क्षतिग्रस्त बनाएको छ ।

बुधबारको हुरीबतासले थाहा नगरपालिका-६ बज्रबराहीमा पनि घरको छाना उडाउनुको साथै तरकारीखेतीमा क्षति पुऱ्याएको थियो । 'हावाहुरीले के कति क्षति गऱ्यो भनेर एकिन तथ्यांक आइसकेको छैन, तथ्यांक लिँदै छौं', सूचना अधिकारी भुजेलले भने । यसैबीच शुक्रबार बसेको थाहानगर बिपद व्यवस्थापन समितिको आकस्मिक बैठकले क्षतिको लगत संकलन गरी प्रतिघर ३० हजार रुपैयाँ राहत दिने निर्णय गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित


- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# गुगल प्लेस्टोरमा छिरे उत्तर कोरियाका सरकारी ह्याकर



उत्तर कोरिया सरकारसँग सम्बन्धित ह्याकरहरूको एक समूह एन्ड्रोइडको एपस्टोरमा छिर्न सफल भएको छ । उत्तर कोरियाली ह्याकरहरूले गुगल प्लेस्टोरमा एन्ड्रोइड स्पाइवेयर अपलोड गरेका छन् । साइबर सेक्योरिटी कम्पनी लुकआउटका अनुसार ह्याकरले अपलोड गरेका ती सफ्टवेयरलाई कतिपय प्रायेगकर्ताले डाउनलोड समेत गरेका छन् ।

बुधबार प्रकाशित रिपोर्ट अनुसार प्यकउथ नामाकरण गरिएका ती भाइरसयुक्त एपहरू (स्पाइवेयर) उत्तर कोरियाली सरकारसँग सम्बन्धित रहेको विश्वस्त प्रमाण प्राप्त भएको बताइएको छ । तीमध्ये कम्तीमा एउटा स्पाइवेयर एप गुगल प्लेस्टोरबाट १० पटकभन्दा धेरै डाउनलोड भएको पाइएको छ ।

पछिल्ला केही वर्षयता उत्तर कोरियाली ह्याकरहरूले विश्वभर साइबर आक्रमण तथा क्रिप्टोकरेन्सी चोरी लगायतका कारण चर्चा कमाइरहेका छन् । पछिल्लोपटक उत्तर कोरियाली ह्याकरहरूले क्रिप्टो विनिमय प्लाटफर्म बाइबिटबाट १ अर्ब ४० करोडको इथेरियम क्रिप्टोकरेन्सी चोरी गरेका थिए ।

क्रिप्टोचोरीको प्रमुख उद्देश्य उत्तर कोरियाको प्रतिबन्धित आणविक कार्यक्रमलाई अझै अघि बढाउनु रहेको छ । यद्यपि गुगल प्लेस्टोरमा स्पाइवेयर एप छिराउने उत्तर कोरियाली ह्याकरको नयाँ कदमको उद्देश्य भने खुलेको छैन ।

लुकआउटका सेक्योरिटी इन्टेलिजेन्स रिसर्चका निर्देशक क्रिस्टोफ हेबेइजेनका अनुसार यी स्पाइवेयरहरू कम मात्रामा डाउनलोड भएको देखिएबाट ती निश्चित मानिसप्रति लक्षित रहेको आँकलन गरिएको छ ।

रिपोर्ट अनुसार प्लेस्टोरमा छिराइएका ती स्पाइवेयरले प्रयोगकर्ताका विभिन्न संवेदनशील जानकारीहरू व्यापक मात्रामा संकलन गरेका छन्, जसमा एसएमएस, कल विवरण, डिभाइसको लोकेसन डेटा, फाइल तथा फोल्डरहरू, प्रयोगकर्ताले थिचेका की, वाइफाइ नेटवर्कको डिटेल्स तथा फोनमा इन्स्टल गरिएका एपका सूचीहरू रहेका छन् ।

साथै कोस्पाइले अडियो रेकर्ड गर्न सक्ने, फोनको क्यामेराबाट फोटो लिनसक्ने र फोनको स्क्रिनको स्क्रिनसट समेत लिनसक्ने बताइएको छ । गुगलका प्रवक्ता इद फर्नान्डेजले गुगल प्लेस्टोरमा त्यस्ता स्पाइवेयर फेला परेको तथ्यलाई स्वीकार गर्दै ती सबैलाई हटाइसकिएको दाबी गरेका छन् । साथै उनले गुगल प्लेले त्यस्ता खालका मालवेयरबाट स्वचालित रुपमा एन्ड्रोइड डिभाइसलाई बँचाउने बताएका छन् ।

**स्वास्थ्य शिक्षा**

# तपाईंको यौन जीवन ध्वस्त पारिदिने यस्ता सात रोग, हुनुहोस् सतर्क



पार्टनरसँग सेक्सुअली कनेक्ट हुनु सम्बन्धमा इन्टिमेसीको एउटा राम्रो संकेत हो । यसले तपाईंको सेक्सुअल हर्मोन र शरीरलाई पनि स्वस्थ राख्छ । यद्यपि, बढ्दो स्वास्थ्य समस्याले तपाईको यौनजीवनलाई बर्बाद पारिदिन सक्छ । त्यसैले आफ्नो स्वास्थ्य अवस्थाबारे तपाईंलाई राम्रोसँग जानकारी हुनुपर्छ । आज हामी तपाईंलाई यस्ता केही स्वास्थ्य समस्याबारे जानकारी दिँदै छौं जसले तपाईको यौन जीवनलाई गम्भीर रुपमा प्रभावित पार्न सक्छ ।

मधुमेहका रोगी पुरुषलाई इरेक्सन र इज्याकुलेशनजस्तो समस्या हुनसक्छ । उच्च रक्तचापका कारण हाम्रो रक्तनली र नसामा खराब असर पर्छ । साथै यसले यौनाङ्गका लागि आवश्यक साधारण रक्त प्रवाहलाई पनि प्रभावित गर्छ । जबकी यस्तो अवस्थामा महिलाको यौनाङ्ग सुख्खा हुने, पीडादायी यौनसम्बन्ध र यौन सम्बन्धमा अनिच्छालगायतका समस्या देखिन सक्छ । स्वस्थ र सफा खानामार्फत् शारीरिक रुपमा आफूलाई सक्रिय राख्दा यो समस्याको हल हुने गर्छ ।

शरीरको कुनै पनि भागमा भयानक पीडा वा क्रोनिक पेनले पनि तपाईंको यौनेच्छामा कमी ल्याइदिने गर्छ । यस्ता दुखाईबाट राहत पाउनका लागि डाक्टरको सल्लाहमा औषधीको प्रयोग गर्न सक्नुहुन्छ । यद्यपि, कुनै पनि औषधी लिनु अघि सतर्क हुनुहोस् किनभने केही पेनकिलरको साइड इफेक्ट हुनसक्छन् जसले तपाईंको यौन जीवन प्रभावित पारिदिन सक्छ ।

**मुटुरोग**:

यदि तपाईंलाई मुटु सम्बन्धि कुनै समस्या छ भने यौनबारे तपाईंले विरलै सोच्नुहुन्छ । विज्ञका अनुसार यदि कुनै व्यक्तिलाई केही समय अघि मात्रै फदयघात भएको छ भे उनले केही समयका लागि यौनबारे सतर्क हुनुपर्छ ।

**डिप्रेशन**:

यो एउटा मानसिक अवस्था हो जसले तपाईंको मनको स्थितीलाई प्रभावित गर्छ । तपाईं सधैं चिन्तित रहनुहुन्छ र यस्तोमा कुनै पनि क्रियाकलापमा समावेश हुन तपाईंलाई मनपर्दैन जसले तपाईंको मनोदशालाई ठिक स्थितीमा राख्न सकोस् । यसका लागि डाक्टरले तपाईंलाई केही औषधीबारे सुझाव दिन सक्छन् जसले तपाईंको यौन जीवनलाई पनि प्रभावित पार्न सक्छ । यसैबीच तपाईंले कामोत्तेजनामा मुश्किलको सामना गर्ने सम्भावना पनि रहेको हुन्छ । यस्तोमा औषधीको डोज कम वा औषधी नै परिवर्तन गरेर तपाईंले यस्तो समस्याबाट पार पाउन सक्नुहुन्छ । यद्यपि, सबैभन्दा पहिला डाक्टरसँग सल्लाह लिनुहोस् ।

**आर्थराइटिस**:

जोर्नीमा दुखाई वा ऐठनले तपाईंको यौन जीवनलाई निकै हदसम्म खराब गर्न सक्छ । यौन जीवनका लागि शरीरको चालको आवश्यकता हुन्छ त्यसैले यस्तो समस्याले ग्रस्त भएकाहरुले यौन सम्बन्ध स्थापित गर्नबाट जोगिनुपर्छ ।

**कम टेस्टोस्टेरोन, रजनोवृत्ति**:

टेस्टोस्टेरोनको कमीसँग जुधिरहेका पुरुषमा पनि यौन सम्बन्धि समस्या हुनसक्छ । यो समस्या उमेरसँगै बढ्ने गर्छ किनभने टेस्टोस्टेरोन जस्ता सेक्स हर्मोन क्रमशः कम हुन थाल्छन् । जब महिलाको उमेर ४० देखि ५० वर्षभन्दा माथि लाग्छ तब उनीहरुको महिनावारी रोकिन सक्छ जसले शरीरमा एस्ट्रोजनको स्तर कम गरिदिने गर्छ ।

रजनोवृत्तिका कारण महिलाको यौनाङ्ग सुख्खा हुने गर्छ भने यौनेच्छामा कमीको अनुभव गर्न सकिन्छ । यद्यपि, यो स्थितीमा पनि पुरुष र महिलाको शरीरमा सेक्सुअल हर्मोनको स्तरमा वृद्धिका लागि डाक्टरसँग सम्पर्क गर्नुहोस् ।

# रातो अङ्गुरले पुरुषको यौन क्षमता बढाउँछ : अध्ययन

पुरुषमा यौन क्षमताको कमी छ भने भियाग्राको औषधि आजकाल निकै लोकप्रिय भएको छ । धेरैजसो पुरुषले भायग्रा लिन्छन् तर भर्खरै गरिएको एक अनुसन्धानले रातो अङ्गुर यौन क्षमता वृद्धिका लागि औषधि रहित विकल्प हुन सक्ने दाबी गरेको छ ।

रातो अङ्गुरले पुरुषको यौन शक्तिलाई ८० प्रतिशतले बढाउँछ । रातो अंगुरको जुस नियमित सेवन गरेमा इरेक्टाइल डिसफंक्शन (लिङ्गमा कडापन नहुने) समस्या ८० प्रतिशतसम्म हट्ने अनुसन्धानकर्ताहरुले बताएका छन् । अध्ययनले ४० वर्षपछि हरेक पुरुषले हप्तामा कम्तीमा ५ दिन रातो अङ्गुरको जुस पिउनुपर्ने बताएको छ । डेली मेलको रिपोर्ट अनुसार यसबारे स्वतन्त्र अध्ययन गरिएको हो। यसमा कुनै पनि व्यावसायिक पेय पदार्थ कम्पनीको कोष संलग्न थिएन । यस अध्ययनमा धेरै जुसहरूमाथि अध्ययन गरिएको थियो । अन्य कुनै पनि प्रकारको जुसबाट पुरुषको यौन क्षमतालाई विशेष फाइदा नभएको पाइएको छ । आँप, सुन्तला, अनानास वा टमाटरको जुसले पुरुषको यौन क्षमतामा कुनै असर गर्दैन ।

वास्तवमा, इरेक्टाइल डिसफंक्शनको समस्या पश्चिमी देशहरूमा धेरै सामान्य छ। बेलायतमा मात्र ४० वर्षपछिका आधा पुरुषहरू इरेक्टाइल डिसफंक्शनको सिकार भएका छन् । यस्ता व्यक्तिहरूलाई मधुमेहको खतरा बढी हुन्छ। बेलायतमा यो रोगसँग लड्न मानिसहरूले वर्षमा १ करोड ३० लाख पाउण्डको भायग्रा उपभोग गर्छन्। भायाग्रा बाहेक अर्बौं रुपैयाँको अन्य औषधि पनि मानिसले खाने गरेका छन् । स्वस्थ आहार र नियमित व्यायामले इरेक्टाइल डिसफंक्शनको जोखिम कम गर्ने धेरै अघिल्ला अध्ययनहरूले पत्ता लगाएका छन् । तर अहिलेसम्म कुनै खास चीज खाँदा पुरुषमा यौन क्षमता बढ्छ भन्ने थाहा थिएन ।

यो अध्ययन चीनको तियानजिन मेडिकल युनिभर्सिटीका शोधकर्ताहरूले गरेका हुन् । यस अध्ययनमा १५०० मध्यम उमेरका मानिसहरूमाथि अध्ययन गरिएको थियो। ती व्यक्तिहरूको स्वास्थ्य तथ्याङ्क सङ्कलन गरिएको थियो। यसमा कति मानिसमा यौन क्षमताको कमी छ भनेर अनुसन्धान गरिएको थियो । यौन क्षमता कम भएका व्यक्तिलाई ९ प्रकारका पेय पदार्थ खुवाइएपछि उनीहरूको यौन क्षमता जाँचियो । त्यसपछि रातो अङ्गुरको जुस बाहेक अन्य कुनै जुसले यौन क्षमतामा कुनै परिवर्तन नभएको पत्ता लाग्यो ।

रातो अङ्गुर खाने पुरुषहरूमा इरेक्टाइल डिसफंक्शनको समस्या थिएन । अध्ययनले यो पनि पत्ता लगायो कि अन्य कुनै पनि रंगको अङ्गुरले यौन क्षमतामा कुनै फाइदा प्रदान गर्दैन। शोधकर्ताहरूका अनुसार रातो अंगूरमा वनस्पति रासायन फेनोल्सको मात्रा सबैभन्दा बढी हुन्छ जसले रक्त धमनीहरूलाई स्वस्थ राख्छ र जसका कारण रगतको प्रवाह पुरुषको लिङ्गतर्फ बढ्न थाल्छ ।

**साहित्य**

कथा

# मेरो दायित्व



सदानन्द अभागी

सन्ते र जयन्तीको विवाह भएको आज करिव ७ वर्ष भयो । यिनीहरूको एक छोरा जन्मेको छ । छोरा अहिले ५ वर्षको भयो । विश्व निकेतनमा नर्शरीमा अध्ययन गर्छ । बालक चतुर छ । सज्जन छ । दिन बित्तै जान्छन् । सन्ते र जयन्तीको दिन राम्रोसँग चलिरहेको छ । दुबैले एक अर्कालाई माया गर्दछन् । आज पाठशालाको नतिजा प्रकाशनको दिन थियो, सन्ते र जयन्ती पनि छोराको नतिजा सुन्न विश्व निकेतन पुगे । सबै अविभावक उत्सुकताको साथमा नतिजा पर्खी राखेका थिए । सन्ते र जयन्ती पनि निकै उत्सुक थिए । नर्शरीको नतिजा सुनाउने वेला भयो । माइकमा आवाज घन्कियो विभूषण प्रथम स्थानमा सफल भयो । विभूषणलाई अबिर र पुरस्कारले विभूषित गरियो । आमाबाबु र छोरा रमाइलोसँग घर फर्के । छोराको भर्नाको कुरा गर्दागर्दै सन्तेले कुरा निकाल्यो र भन्यो काठमाडौ जाने भनेको धेरै भयो । एक हप्ता काठमाडौ घुमेर आएर स्कुल भर्ना गर्ने कि, सन्तेले जयन्तीसँग कुरा राख्यो । जयन्तीले 'ठिक भन्नु भयो' भन्दै सहीथापी । अब सन्तेका पविार काठमाडौ जाने भए ।

बेलुकीको सूर्यको लालीमा चढ्दै थियो । सन्तेका पविारले खाना खाएर कपडा लाएर काठाण्डौ जाने तयारीमा जुटे । बेलुकाको सात बजेपछि उनीहरू बुटौल चारआलीमा पुगे । दाङबाट आएको गाडी थियो ।चारआलीमा रोकियो । खलासीले काठमाडौ काठमाडौ भनेर यात्रीलाई बोलाइरहेका थिए । सन्तेका परिवार बस चढे ।गाडी केही मिनटमै नारायणघाटतिर बढ्यो । वरघाटमा खाना खुवायो । भाते निद भन्छन् । भात खाए पछि प्राय सबैलाई निद लाग्छ । रात्रीबसको ड्राइभरलाई पनि निदले निकै सतायो । निद भगाउन गीत लगायो । खलासीलाई बोलायो । खैनी बनाउन लगायो । खैनी खायो कुनै कुराबाट निदले छुटकारा दिएन । बसले बाटो छोडो र खोलातिर मोडियो । खलासी ढोकाको नजिक भएकोले फरालेर ज्यान बचायो तर ड्राइभर लगायत धेरैको मृत्यु भयो भने कोही घाइते भए । सन्तेका पति पत्नी दुबैले संसारबाट बिदा लिए । बिचरा बालक विभूषण थरथरी कामी रहेको थियो । पुलिस उद्धारको काममा जुट्यो । घाइते सबैलाई बुटवल पुऱ्याइयो । विभूषण पनि बुटवल हस्पिटालमा पुऱ्याइयो । भर्ना गरियो । ऊ आमा बाबुको खोजीमा थियो । आँखाबाट आँसु खसी रहेका थिए । ऊ सुक्क सुक्क गरेर रोइरहेको थियो । रजनीदेवीको शक्ति क्षिण हुँदै गयो । सूर्यदेवले लालिमा छर्दै अगाडि बढे । पत्रपत्रिकामा बस दुर्घटनाको खवर छापियो । हस्पिटलमा आफन्तहरू आउन थाले । सन्तेको ससुराली पनि बुटवलमै थियो । पतिपत्नी बितेका र एउटा बच्चामात्र जीवित रहेको हल्ला चल्न थाल्यो सन्तेको जेठान पनि हस्पिटलतिर लम्क्यो । रोइरहेको विभूषणले मामा पायो । उसको रुवाई रोकियो । विभूषणलाई बाबाआमा मरेको जानकारी भयो । ऊ निकै रोयो ।

यता दाउन्नेमा लासको सनाखत गर्ने काम भै रहेको थियो । सन्ते र जयन्तीको लास आफन्तले बुझे । अन्तिम संस्कारको काम सकियो । विभूषण मामाको घरमा रहन थाल्यो । केहीदिन त उसले राम्रै सेवा पायो । तर उसको बसाई झनै कष्टकर हुन थाल्यो । ऊ पढ्न जाने कलिलो उमेरमा बाख्रा चराउन जान्थ्यो । न समयमा खानु थियो न समयमा सुत्नु थियो । अव त उसले टोकाहाको संज्ञा पाउन थाल्यो । मामा घरमा आजित भयो । एक दिन मामाको घर छाडेर ऊ निस्क्यो । गन्तव्यको कुनै थाहा थिएन । चौराहामा आयो बसमा चढ्यो । रातको समय थियो पछिल्लो सिटमा गएर बस्यो । कन्डक्टर कसैलाई मतलवै भएन उज्यालो हुँदा काठमाडौमा पुग्यो । काठमाडौ सहरमा उसको को नै थियो र । ऊ अलपत्र पऱ्यो । अबत्र त ऊ सडक बालकमा परिणत भयो । माग्थ्यो, सबैका अगाडी हात पसार्थ्यो, केही पाए खान्थ्यो, सडक पेटीमा फालिएका बोरा ओछ्याएर सुत्थ्यो, बोरा नै ओड्थ्यो । एक दिन माग्दा पनि केही पाएन, भोकले सतायो, होटेलको अगाडी फालिएका खाना खान थाल्यो । होटेल मालिकले देख्यो । दयालु थियो । बोलाएर सोधखोज गऱ्यो । खाना पनि खुवायो । टेवल पुछ्ने र भाँडा माझ्ने काममा लगायो । अबत विभूषणले खान बस्न पायो । यो काम पनि उसलाई सहज त थिएन तर बाध्यता थियो गर्नै पर्ने ।

विभूषणको काम गराई, नम्रबोली, इमानदारिता, सहनशीलताले गर्दा विभूषणलाई घरका सबैले माया गर्थे । अब त ऊ साहुजीका छोराहरूको नजिक पनि जान पाउने भयो । उसले उनका किताव मागेर पढ्न पनि थाल्यो । उसको पढाइप्रतिको लगनशीलतालाई देखेर साहुजीको मन पलायो । साहुजीले पढ्ने हो भनेर सोध्यो । ऊ मुन्टो हल्लायो तर केही भन्न सकेन । साहुजीले हेर्दै गयो । उसको अध्ययन प्रतिको लगनशीलता देखेर मालिकलाई पढाउने मन भयो । विभूषणले अब त स्कुल जान पाउने भयो । स्कुल जानु, होटेलको काम गर्नु, फुर्सतको समय पारेर गृहृयकार्य गर्नु उसको नित्यकृया हुन थाल्यो । वार्षिक परीक्षाको नतिजामा स्कुल भरीमा प्रथम स्थान प्राप्त गऱ्यो । विभूषणको यो प्रगति देखेर होटेल मालिक निकै प्रभवित भयो । उसलाई होटेलका कामको भारी कमगर्न थाल्यो । भाँडा माझ्ने काम बाट उसलाई, विल काट्ने पैसा लिने र रेखदेख गर्ने काममा लगायो । अव त विभूषणलाई कामको समय पढाइमा परिणत गर्न थाल्यो। आफूलाई तोकेको काममा कहिल्यै कमि आउन दिएन । होटेल मालिकले उसको पढाइलाई कहिल्यै कमी आउन दिएन । आफ्ना छोराको दाँजोमा उसलाई राख्यो । आज १२को परीक्षको नतिजा निस्को । उसको नतिजा अब्बल निस्को अर्थात बोर्डमै ऊ प्रथम भयो । विभूषणको यो प्रगति देखेर होटेल मालिक निकै रमायो । क्याम्पसहरूले छात्रबृत्ति दिएर पढाउन तँछाड मछाड गर्न थाले र पत्रकारहरूले के पढ्ने के बन्ने इच्छा छ भनेर सोध्न थाले । विभूषणले के नै जवाफ दिन सक्थ्यो र तै पनि सहास गऱ्यो र होटेल मालिकतिर मुख फर्काउँदै बाबाले के पढाउनु हुन्छ त्यही पढ्ने हो । होटेल मालिकले पनि उसको जिज्ञाशाा जान्ने बिचार राख्दै भने तिम्रो बिचार भनन सबैलाई । विभूषणले मेरो विचार त डाक्टर बन्ने छ भन्न जवाफ दियो । पत्रकारहरूले होटेल मालिकलाई सोधे तपाइँको के विचार छ । आजसम्म विभूषणको नामले बोलाउने होटेल मालिकले आज भने छोराको जे बिचार छ मेरो पनि त्यहि हो भनेर पत्रकारसँग प्रतिबद्धता जनायो । विभूषणलाई आफ्नो विगतको दुखद घटना सबै मेसिनको रफ्तारमा मस्तिष्कमा घुमिरहेका थिए । जे भए पनि होटेल मालिकको दयामा ऊ बाँचेको थियो । अध्ययन गरेको थियो । होटेल मालिकको काममा पनि ऊ दिलोज्यान लगाएर गरिरहेको थियो । उसको सपना पुरा गर्नु थियो । एउटा निजीक्याम्पसले उसलाई निशुल्क अध्ययन र आवासको व्यवस्था मिलाई दियो । होटेल मालिकसँग उसले आज्ञा माग्यो -'बाबा म पढेर घरमा आई होटेलको काम गरे के होला ?' होटेल मालिकले विभूषणलाई 'बाबु तिमीलाई अब होटेलको काम गर्न पर्दैन' भनेर उसलाई छात्रबासमा जाने सुझाव दियो । विभूषणले अव आफ्नो क्षमता हरेक चिजमा देखाउन पायो । त्यो विद्यलयलाई उसले हरेक क्षेत्रमा उच्चाइमा पुऱ्यायो । नेटको सहयोगमा वैदेशिक छात्रबृत्तिको खोजिमा लाग्यो । यु.के.मा उसले डाक्टरी पढ्ने मौका पायो ।

केही दिनमै उसलाई युकेको भिसा, जहाजको टिकट र कलेजको भर्ना भएको जानकारी प्राप्त भयो । उसको सफलताको मार्गदर्शक त होटेल मालिक नै थियो । हरेक विदाको दिनमा गएर होटेल मालिकलाई दर्शन गर्दथ्यो । यस पटक त उसले खुसीको खवर लिएर होटेल पुग्यो । होटेल मालिक पनि निकै खुसी भयो । होटेलमालिकले त्यो दिन सम्झ्यो जुन दिन त्यो बालकले खान नपाएर भाँडा माझ्ने ठाउँको खाना खाई रहेको थियो । उसले नाबालकलाई काम गराउनु कानुन बिपरित थियो तापनि काम माम र आश्रय दिएर 'मैले राम्रै काम गरेछु' भन्ने महसुस गऱ्यो । होटेल मालिकले भन्यो -'बाबु तिमी धन्य हौ , अब मैले गर्नु पर्ने सबै काम गरेर तिम्रो सहयोग गर्ने छु ।'

विभूषणलाई विदा गर्नको लागि क्याम्पसका सबै प्राध्यापक, विद्यार्थीहरु जम्मा भए उसलाई खादा र मालाले अभिनन्दन गरियो ।कलेजले आफ्नो गाडीमा राखेर होटेलमा लग्यो, होटेल मालिक मालिकिनी बच्चाहरू सबैले विदा गरे । होटेल मालिक र मालिकिनी दुबैले विभूषणलाई त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा लगेर विदा गरे । क्रमस विभूषणको जीवनले नयाँ गोरेटो थप्यो । मेडिकल कलेजमा पनि उसको अध्ययन गहिराईमा चलेको थियो । हरेक परीक्षामा ऊ प्रथम नै हुन्थ्यो । पाँच वर्षमा उसले माष्टर अफ मेडिकल साइन्सको पढाई समाप्त गर्छ । सबै साथीहरूले बेलायतमै जागिर खाने सल्लाहा दिन्छन् तर विभूषणले यो कुरा स्वीकार गर्दैन । साथीहरूले बल गर्छन् र भन्छन् -'नेपालमा के पाइन्छ ? यत्रो उच्चशिक्षा हाँसिल गरेर नेपालमा स्रोत साधन केही पाइँदैन, तिम्रो विद्वतालाई कसरी उपयोग गर्दछौं । तिमी त्यहाँ गएर निरुत्साही मात्र हुने हो ।' विभूषणले भन्छ- 'म जन्मेको नै नेपालको लागि हो । मेरो उच्च डिग्रीको उपयोग आफ्नै देशको स्रोत र साधनलाई उपयोग गरेर मेरै देशका विमारीको सेवामा जुट्ने हो । प्रकृतिले सजिएको देशमा केही छैन भन्नु भन्दा भएकैमा सहजीकरण गर्ने हो । मेरा देशलाई फुल्ने फल्ने बनाउने मेरो दायित्व हो । नेपालमा भविष्य छैन भनेर विदेश पलायन हुनु त कायरता हो । मैले मेरो भविष्य नेपालमै निर्माण गर्नेछु ।'

# चरी



बंशिका ढकाल
कक्षा-४, नवोदय शिशु सदन

माथि माथि उड्दछे
सानी सानी चरी
रुख माथि बस्छे
जमिनमा हेर्छे ।


मिठो मिठो खाना
खोजि खोजि खान्छे
आकाशमा उडेर
रमाइलो गर्छे ।

कति राम्री चरी
मिठो गीत गाउँछे
मैले छुन खोज्दा
डराएर उड्छे ।

ज्ञानी र राम्री
पुतली झैं उफ्रिन्छे
माया गर्न खोज्दा
लुरुक्क लुक्छे ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# एजेण्डा स्थापित गर्न आन्दोलनमा एकीकृत समाजवादी

काठमाडौं/नेकपा एकीकृत समाजवादीले 'सुशासन र रोजगारी: समाजवादीको तयारी' भन्ने नाराका साथ आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । केन्द्रीय आन्दोलन संयोजन समितिका संयोजक एवं पार्टी महासचिव घनश्याम भूसालले पहिलो चरणको आन्दोलन सार्वजनिक गरेका हुन् । आगामी २५ वैशाखसम्म चल्ने आन्दोलनको पहिलो कार्यक्रमका रूपमा आज पत्रकार सम्मेलन गरिएको छ ।

'यो आन्दोलन राजनीतिलाई सत्ताको खेल वा आगामी निर्वाचनको जोड-घटाउबाट मुक्त गर्न थालिएको आन्दोलन हो' भूसालले भने, 'बेरोजगारी र कुशासनको विरुद्ध एउटा क्रान्तिकारी पहलकदमी हो, र राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको तयारी गर्ने उद्देश्य भएका क्रान्तिकारीहरूका बीच सहकार्य र एकताको अभियान हो ।'




गत फागुन पहिलो साता सम्पन्न केन्द्रीय समिति बैठकले आन्दोलनको कार्यक्रमबारे निर्णय गरेको थियो । र, त्यसलाई संयोजन गर्ने जिम्मा महासचिव भूसाललाई दिइएको थियो । कार्यदिश बमोजिम भूसालले पहिलो चरणको आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन् ।

पार्टी गठनको साढे ३ वर्षे अवधिमा एकीकृत समाजवादीको यो पहिलो आन्दोलन समेत हो । २०७८ भदौमा नेकपा एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादी लगातार जसो सत्तामा सहभागी हुँदै आएको थियो । तर गत असारमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनपछि 'आन्दोलनबाट पार्टी निर्माण' गर्ने नीति लियो ।

यद्यपि सरकारमा रहँदै एकीकृत समाजवादीले २०८० असोजमा 'मेची-महाकाली: समाजवादी जागरण यात्रा' गरेको थियो । 'त्यसबेला हामीले अभियान चलाएका थियौं । जनताका मुद्दाहरू बुझ्ने र संगठन निर्माणको कामलाई तीव्रता दिने त्यो अभियानको उद्देश्य थियो' पार्टी प्रचार विभाग प्रमुख एवं उपाध्यक्ष प्रकाश ज्वाला भन्छन् । यसपटक पार्टीले घोषणा गरेको आन्दोलन भने देशको राजनीतिक निकाससँग सम्बन्धित रहेको उनी बताउँछन् । 'सरकारमा बस्ने दल र नेताहरूले जनतालाई रोजगारी र सुशासन दिन सकेनन्' उपाध्यक्ष ज्वाला भन्छन्, 'अनि मुलुकमा व्याप्त बेरोजगारी र कुशासनलाई जनताले गणतन्त्रसँग जोडे । त्यसैले रोजगारी र सुशासनको माग राखेर हामी आन्दोलित भएका हौं ।'

महासचिव भूसालले पार्टीले उठाएका एजेण्डा देशको एजेण्डा नबन्दासम्म आन्दोलन नरोकिने बताएका छन् । 'अब हामी आन्दोलनमा छौं, र यी मुद्दा (पार्टी राखेको मागहरू) राष्ट्रिय मुद्दा नबनाउँदासम्म, आन्दोलन चलिर हनेछ', भूसालले भनेका छन् ।

बक्तव्य मार्फत एकीकतृ समाजवादीले 'सुशासन र रोजगारीका लागि राष्ट्रिय सम्मेलनको माग गरेको छ । 'हाम्रो प्रस्ताव छ: मुलुकको राष्ट्रिय एजेण्डा बनाउन सरकारले यथाशीघ्र रोजगारी र सुशासनका लागि राष्ट्रिय सम्मेलनको आयोजना गरोस्' वक्तव्यमा भनिएको छ । त्यस्तो सम्मेलनमा सबै राजनीतिक पार्टीहरूले आगामी १० वर्षमा रोजगारी र सुशासनको क्षेत्रमा गरिने कार्य योजना पेस गरिनुपर्ने प्रस्ताव एकीकृत समाजवादीले गरेको छ ।

'सुशासन र रोजगारीका निम्ति दलहरूबीच हुने सम्वादलाई हामीले राष्ट्रिय सम्वादमा भनेका छौं । हाम्रो आन्दोलनले देशलाई त्यो स्थितिमा लैजानेछ' अर्का उपाध्यक्ष जगनाथ खतिवडा भन्छन् । सुशासनका क्षेत्रमा एकीकृत समाजवादीले सार्वजनिक पदमा बसेका सबैमाथि छानबीन गर्नेगरी उच्च स्तरीय शक्तिशाली आयोग गठनको प्रस्ताव गरेको छ । रोजगारी सिर्जनाका क्षेत्रमा भने विषयत व्याख्या सहित प्रस्ताव सार्वजनिक गरेको छ ।

**सत्ताको खेलमा नअल्मलिने**

देश र जनताले खेपिरहेको समस्या हल गर्नकै निम्ति एकीकृत समाजवादी आन्दोलनमा होमिनु परेको उपाध्यक्ष ज्वाला बताउँछन् । 'देशको मूल समस्या बेरोजगारी र कुशासन हो । त्यसैकारण जनता निराशा छन्, आक्रोशित छन्', उनी भन्छन्, 'अब हामी सुशासन र रोजगारीका निम्ति आन्दोलन गर्दै गणतन्त्रको रक्षा गर्छौं ।'

देश अहिलेको अवस्थामा पुग्नुमा सत्ता केन्द्रित नाजायज गठबन्धनको राजनीति भएको निष्कर्ष एकीकृत समाजवादीले निकालेको छ । 'सत्ता केन्द्रित नाजायज गठबन्धनको राजनीतिले मुलुकका आर्थिक समस्या समाधान गर्न सक्दैन, राज्य नालायक बन्दै जान्छ, राज्यको नालायकीले सामामाजिक असन्तुष्टिलाई बढाउँछ' महासचिव भूसालले सार्वजनिक गरेको बक्तव्यमा भनिएको छ, 'नालायक राज्यले शक्ति प्रयोग गर्न थाल्छ र अस्थिरताका शक्तिहरू, पुराना साम्प्रदायिक र पपुलिष्ट तत्वहरूले त्यस असन्तुष्टिलाई उत्तेजक बनाउँदै जान्छन् ।'

भूसालले अहिले राज्य अनुत्तरदायी र सडक अराजक बन्दै गएको निष्कर्ष प्रस्तुत गरेका छन् । त्यसैकारण एकीकृत समाजवादीले आन्दोलनका कार्यक्रम घोषणा गर्नुपरेको उनले उल्लेख गरेका छन् । 'यस अवस्थामा देशका जिम्मेवार राजनीतिक पार्टी र नागरिक समुदायले गम्भीर आत्म समीक्षा गर्दै एउटा नयाँ पहलकदमीद्वारा हस्तक्षेप गर्नु आवश्यक भइसकेको छ, जसले सत्ताधारी गठबन्धनका नालायकी विरुद्ध आम जनतालाई सचेत र संगठित गर्दै मुलुकलाई अपमानको इतिहासबाट मुक्त गरोस् र अग्रगामी निकास देओस्', भूसालले लेखेका छन् ।

गणतन्त्र रक्षाकै निम्ति पार्टीले आन्दोलनका कार्यक्रम घोषणा गर्नुपर्ने परिस्थिति भने बितेका १०/१२ वर्षमा पार्टी र नेताहरूले गरेका गल्तीका कारण सिर्जना भएको तर्क गरिएको छ । 'गरीबी, पछौटेपन, विभेद, अविकास र पराश्रयको अपमानपूर्ण इतिहासलाई उल्ट्याउन र मर्यादापूर्ण जीवन बाँच्ने नेपालीको प्रयासलाई सार्थक बनाउन सकिन्थ्यो' बक्तव्यमा लेखिएको छ, 'संविधानमा उल्लेख भएको समृद्धि र समाजवादको मर्म पनि त्यही थियो । तर राजनीतिक नेतृत्वले नेपाली इतिहासले सुम्पेको युगिन दायित्वलाई बुझ्न सकेन, बरु स्वार्थी, पदलोलुप र आत्म केन्द्रित हुँदै गयो । पार्टीहरूभित्र लोकतन्त्र अपहरित हुँदै गयो ।'

यसरी पार्टी नेतृत्वले दायित्व बिर्सदा नागरिकमा निराशा भने बढेर गएको निष्कर्ष एकीकृत समाजवादीको छ । 'गल्ती त नेताहरूले गरेका हुन्, राजनीतिक पार्टीहरूले गरेका हुन् । रोजगारी र सुशासन दिन नसकेको नेताहरूले हो' प्रचार प्रमुख ज्वाला भन्छन्, 'तर गणतन्त्रले रोजगारी दिएन, सुशासन भएन भन्ने भाष्य जर्बजस्त बनाउन खोजियो ।'

अहिले पनि अरू दलहरू राजनीतिक निकासको एजेण्डा बिनै सत्ताको मिसन-०८४ र सत्ताको खेलमा रहेको एकीकृत समाजवादीको ठहर छ । 'विभिन्न राजनीतिक दलहरूले एजेण्डा नै कथाकथित मिसन-०८४ आरम्भ गरिरहेको, सरकार बनाउने र भत्काउने खेलमा राजनीति रुमल्लिई रहेको, जनतामा असन्तुष्टि बढिरहेको र त्यसलाई पुनरुत्थानवादी, अराजक तथा पपुलिष्टहरूले दुरूपयोग गर्न प्रयत्न गरिररहेको अवस्थामा हामीले राष्ट्रिय सम्वादको नयाँ आन्दोलन आरम्भ गरेका छौं', भूसालले भने ।

नेताहरूका अनुसार अब सत्ताको खेलमा नअल्मलिने र सडकबाटै जनताको एजेण्डा स्थापित गर्न एकीकृत समाजवादीले आन्दोलनको घोषणा गरेको हो । 'हाम्रो प्राथमिकता जनता र देशको समस्या हल गर्ने हो । सत्ता, पार्टी एकता र मोर्चाहरू सहायक कुरा हुन्' उपाध्यक्ष खतिवडा भन्छन्, 'पहिलो चरणको आन्दोलन सुझाव संकलन र मागपत्र राख्नेमा केन्द्रित हुनेछ । यसपछि हामी दबावमुलुक आन्दोलनमा होमिन्छौं ।' एकीकृत समाजवादीले आन्दोलनकै क्रममा पार्टी पनि निर्माण हुने विश्वास गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दिनैपिच्छे हलमा दयाहाङको फिल्म, रिलिज भयो 'राजागंज'




काठमाडौं/अघिल्लो वर्ष सबैभन्दा धेरै फिल्म प्रदर्शन हुने अभिनेताको कीर्तिमान दयाहाङ राईको नाममा रह्यो । उनका ९ वटा फिल्म प्रदर्शन भएका थिए । दुईपटक त उनका आफ्नै फिल्मबीच भिडन्त भयो । यस वर्ष पनि गत वर्षकै संख्यामा उनका फिल्म प्रदर्शन हुँदैछन् । अर्थात् ९ वटा । यो साता रोचक संयोग चाहिँ के जुरेको छ भने उनका दुई फिल्म एक दिनको अन्तरमा प्रदर्शनमा आएका छन् ।

फागु पूर्णिमाको विदा पारेर बिहीबार दयाहाङले बाबुको भूमिकामा अभिनय गरेको बायोपिक फिल्म 'अञ्जिला' प्रदर्शन भयो । र, शुक्रबारबाट उनको अर्को फिल्म 'राजागंज' (पूजा, सर) प्रदर्शनमा आएको छ । यसमा उनले प्रहरी उपरीक्षक (एसपी)को भूमिका निर्वाह गरेका छन् । एउटै कलाकारको फिल्म दिनैपिच्छे प्रदर्शन हुँदा दर्शक समेत कुन हेर्ने भन्ने दोधारमा देखिएका छन् ।

'राजागंज' विश्वका प्रतिष्ठित फेस्टिभलहरूमा प्रिमियर भैसकेको फिल्म हो । यसै वर्षको भेनिस फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियरको क्रममा फिल्मले १० मिनेट लामो स्ट्यान्डिङ ओभेसन पाएको थियो । गत बुधबार काठमाडौं प्रिमियरमा पनि फिल्मलाई सकारात्मक प्रतिक्रिया मिल्यो । अब व्यावसायिक उद्देश्यले प्रदर्शन यात्रा सुरु गरेको फिल्मलाई दर्शकबाट मिल्ने प्रतिक्रिया महत्त्वपूर्ण रहनेछ ।

केही दृश्य तथा शब्दका कारण सेन्सर बोर्डमा झमेला व्यहोरेको 'राजागंज'ले मधेश आन्दोलनको पृष्ठभूमिमा अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा भन्छ । दीपक रौनियार निर्देशित फिल्ममा दयाहाङसहित आशा मगराती, ॠचा शर्मा, पशुपति राई, विजय बराल, निकिता चाण्डक लगायतको अभिनय छ । फिल्मको कथा मधेशमा केन्द्रित छ ।

# 'कर्मा' टिजर रिलिज, एक्सन अवतारमा विपिन

काठमाडौं/नयाँ वर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कर्मा'को टिजर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक २ मिनेट लम्बाईको टिजरमा अभिनेता विपिन कार्की बढी हावी छन् । उनी एक्सन अवतारमा देखिएका छन् । उनको पात्रमा बदलाको भाव देखिन्छ । उनले काम गरेको यो पहिलो एक्सन फिल्म हो ।



टिजरमा कथावस्तु प्रष्ट खुलाइएको छैन । यद्यपि, एक पात्रले आर्मी बन्न गरेको संघर्ष र त्यस क्रममा उसको जीवनमा घट्ने विभिन्न घटनाक्रमलाई फिल्मले मुख्य कथावस्तु बनाएको संकेत टिजरले गर्छ । विपिनलाई केही दृश्यमा भावुक देख्न सकिन्छ । टिजरमा सबैभन्दा ध्यान खिच्ने पक्ष भनेको बाइक स्टन्ट हो । साथै, ब्याकग्राउन्ड म्यूजिक पनि सशक्त छ ।

'कर्मा'लाई सौरभ चौधरीले निर्देशन गरेका हुन् । यसअघि उनले 'अगस्त्य' निर्देशन गरेका थिए । फिल्ममा विपिनको जोडी अभिनेत्री उपासना सिंह ठकुरीसँग बाँधिएको छ । यो उनीहरुको पहिलो सहकार्य हो । यसमा मुकुन भुसाल, दिव्यदेव पन्त, सरिता गिरी, बेन बस्नेत लगायतको पनि अभिनय छ । मुकुनले यसमा नकारात्मक भूमिका निभाएका छन् ।

वसन्त लम्सालको लगानी रहेको फिल्ममा निर्देशक चौधरी स्वयंको कथा छ । आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्मलाई सौरभ लामाले खिचेका हुन् । यसमा भाष्कर स्वाँरको संगीत निर्देशन तथा ब्याकग्राउन्ड म्यूजिक, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, कविराज गहतराजको कोरियोग्राफी तथा निमेष श्रेष्ठको सम्पादन छ । 'कर्मा'लाई अन्तर्राष्ट्रिय बजारमा सेभेन सिज सिनेमाले वितरण गर्नेछ ।

# 'अञ्जिला' हेर्दा भावुक भइन् खेलाडी प्रीति राई

काठमाडौं/नेपाली राष्ट्रिय महिला टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बाले फुटबल खेलाडी बन्न गरेको संघर्षमा आधारित फिल्म 'अञ्जिला'लाई दर्शकबाट उत्कृष्ट प्रतिक्रिया मिलेको छ । बिहीबार (फागु पूर्णिमा)बाट प्रदर्शनमा आएको फिल्म हेरेर एन्जिलाको संघर्षको कथाले प्राय: दर्शक भावुक भएका छन् । त्यसो त, गत सोमबार काठमाडौंमा आयोजित प्रिमियरमा पनि भावविह्वल माहोल बनेको थियो ।



बिहीबार नेपाली महिला फुटबल टिमकी चर्चित खेलाडी प्रीति राईले पनि 'अञ्जला' हेरेकी छन् । सशस्त्र प्रहरी बलको सुरक्षासहित बिग मुभिज पुगेकी उनले फिल्ममा देखाइएको भन्दा पनि एञ्जिलाले धेरै संघर्ष गरेको बताइन् । 'फिल्म हेर्दा म भावुक भएँ । यसमा देखाइए भन्दा पनि एञ्जिला दिदीले धेरै संघर्ष गर्नुभएको छ । उहाँलाई यो ठाउँमा देख्दा खुसी महसुस भइरहेको छ,' उनले भनिन् ।

बिहीबारदेखि काठमाडौंका विभिन्न हल पुगेर दर्शकको प्रतिक्रिया बुझिरहेका फिल्मका निर्देशक मिलन चाम्सले आफूले चाहेर पनि एन्जिलाको जीवनमा घटेका थप दर्दनाक घटना देखाउन नसकेको बताए । उनका अनुसार फिल्ममा आएको एञ्जिलाको कथा २५ प्रतिशत मात्र हो । मिलन भन्छन्, 'फिल्म बनाउने बेलामा यत्तिमै म धेरै पटक रोएको छु, एञ्जिलाको सबै कथा त म भन्नै सक्दिनँ ।'

फिल्मले प्रदर्शनको पहिलो दिन देशभर सुखद् अकुपेन्सी हासिल गरेको थियो । 'वर्ड अफ माउथ' बलियो भएकाले आगामी दिनमा पनि व्यापार राम्रो रहने निर्माण टिमको विश्वास छ । एन्जिला स्वयंको मुख्य भूमिका रहेको फिल्ममा दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा लगायतको अभिनय छ । फिल्मको आम्दानीबाट एन्जिलाका लागि काठमाडौंमा घर बनाउने तयारीमा निर्माता छन् ।

# अब भारतबाट दिउँसो मात्र बिजुली, उद्योगमा १२ घण्टासम्म लोडसेडिङ हुने

काठमाडौं/१५ मार्च अर्थात् भोलि शनिबारदेखि भारतबाट दिउँसो मात्र विद्युत् आयात हुने भएपछि उद्योगहरूमा १२ घण्टासम्म लोडसेडिङ हुने भएको छ । हाल नेपालले भारतबाट पिक आवर बाहेकको समयमा विद्युत् आयात गरि रहेको छ । अर्थात्, साँझ ६ देखि १० बजेसम्म बाहेक २० घण्टा विद्युत् आयात भइरहेको छ ।

त्यसरी आयात हुने विद्युत्ले नेपालको उत्पादनले नपुग्ने माग धान्न सहयोग गरेको छ । त्यति हुँदा पनि उद्योगमा दैनिक ८ घण्टासम्म लोडसेडिङ भइरहेको छ । १५ मार्चदेखि भने सन आवर अर्थात बिहान ६ देखि बेलुका ६ बजेसम्म १२ घण्टा मात्रै भारतबाट विद्युत् आयात हुने भएको छ । यसले उद्योगहरूमा भइरहेको लोडसेडिङ बढेर कम्तीमा पनि १२ घण्टा पुग्ने करिब निश्चित भएको विद्युत प्राधिकरण स्रोत बताउँछ ।

'कतिपय स्थानमा घरायसी ग्राहकलाई पनि लोडसेडिङ हुन सक्छ, औद्योगिक ग्राहकमा भइरहेको लोडसेडिङको अवधि निश्चित रूपमा बढ्ने छ,' उनले भने । भारतबाट दिउँसो मात्रै विद्युत् आयात हुँदा पनि आपूर्तिमा खासै असर नपर्ने विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन घोषको दाबी छ । 'हामीले डे अहेड र रियल टाइम बजारमा अक्सन गर्दा कहिलेकाहीँ चाहिएजति विद्युत् नपाएकाले कुनै-कुनै दिन लोडसेडिङ गर्नुपरेको हुन सक्छ, नत्र उद्योगहरूमा लोडसेडिङ पनि छैन,' उनले भने ।

भारतबाट राति विद्युत् नआउँदा पनि घरायसी ग्राहकमा चाहिँ लोडसेडिङ नहुने उनको भनाइ छ । विगतमा नेपालले भारतबाट चौबिसै घण्टा विद्युत् आयात गर्न पाउने गरी सम्झौता भएकोमा गत वर्ष २९ मार्च (१६ चैत) मा भारतले चुनाव आइरहेको भन्दै तीन महिनाका लागि मात्रै विद्युत् निर्यात सम्बन्धी सम्झौता नवीकरण गरेको थियो । दिनको समय (सन आवर) मा मात्रै विद्युत् निर्यात गर्ने गरी गरिएको सम्झौताको नवीकरणको म्याद जुनको अन्त्यमा सकिएको थियो । त्यसपछि भारतले १९ नोभेम्बरमा यो सम्झौता नवीकरण गरेको थियो ।

त्यसबेला उसले सम्झौता नवीकरण गर्दा १५ मार्चसम्म दैनिक २० घण्टा नेपालमा विद्युत् निर्यात गर्न दिने तथा त्यसपछि ३० जुनसम्म सन आवरमा मात्रै विद्युत् दिने व्यवस्था गरेको थियो । त्यही अनुसार विद्युत् प्राधिकरणले १ डिसेम्बर (१६ मंसिर) देखि भारतबाट विद्युत् आयात गरिरहेको छ ।

गत मार्चमा सम्झौता नवीकरण हुँदा अधिकतम ५ सय ५४ मेगावाट मात्रै विद्युत् नेपालले आयात गर्न पाउने व्यवस्था गरिएको थियो । त्यसअघि भने नेपालले चौबिसै घण्टा आवश्यकता अनुसार विद्युत् आयात गर्न पाएको थियो । नेपालले अधिकतम ७ सय मेगावाटसम्म विद्युत् भारतबाट आयात गर्ने गरेको थियो । गत नोभेम्बरमा भएको सहमतिमा पनि ७ सय मेगावाटसम्म विद्युत् आयात गर्न सकिने व्यवस्था छ ।

नेपालले भारतको खुला बजार इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स) बाट विद्युत् आयात गर्ने गरेको छ । उक्त बजारमा एक दिनअघि (डे-अहेड) र सोही दिन (रियल टाइम) मा कायम रहेको दरमा नेपालले विद्युत् आयात गर्ने गरेको छ । यसरी भारतीय खुला बजारबाट विद्युत् आयात गर्न नेपालले २०७८ मा अनुमति पाएको थियो । पाँच वर्षको यो अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने सर्त छ ।

नेपालले भारतीय एक्स्चेन्ज बजारका अतिरिक्त बिहार र उत्तर प्रदेश सरकारसँग छुट्टै सम्झौता गरेर पनि विद्युत् आयात गर्छ । एक्स्चेन्ज बजारमा आयात हुने विद्युत् दर हरेक दिन परिवर्तन हुन्छ । तर, छुट्टै सम्झौता मार्फत १३२ केभी, ३३ केभी र ११ केभी प्रसारण लाइन मार्फत आयात हुने विद्युत् दर भने हरेक वर्ष वार्तामार्फत परिमार्जन हुने गरेको छ ।

हालै विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यी प्रसारण लाइनबाट आायत हुने विद्युत् भाउ बढाउने सहमति गरेका थिए । १२ फेब्रुअरीमा भारतमा भएको १६औं पावर एक्स्चेञ्ज कमिटी बैठकमा बिहार र उत्तर प्रदेशबाट यी प्रसारण लाइनबाट आयात हुने विद्युत् भाउ १.५ प्रतिशत बढाउने सहमति गरेपछि १३२ केभीको भाउ ८.१० भारु पुगेको थियो । ११ केभीबाट आयात हुने विद्युत् भाउ ९.४५ भारुसम्म पुगेको छ ।

तर, नेपाल सरकार तथा प्राधिकरण बोर्डको स्वीकृति नै नलिई सहमति गरेको भन्दै प्राधिकरण कार्यकारी निर्देशक घिसिङलाई सरकारले स्पष्टीकरण सोधेको छ भने प्राधिकरण बोर्डले उक्त दर पारित गरेको छैन । बोर्डले पारित गरेर विद्युत् नियमन आयोगले स्वीकृति नदिँदासम्म त्यो दर कार्यान्वयन हुँदैन । खुला बजारमा भने अधिकतम १२ भारुसम्म रकम तिरेर विद्युत् आयात गर्नुपर्ने हुन्छ । भारतले महाकाली सन्धि अन्तर्गत टनकपुरबाट बिजुली ल्याउन पाउने सम्झौता छ । त्यहाँबाट १५ मेगावाट विद्युत् आयात गर्न सक्ने भए पनि तीन वर्षदेखि भारतले त्यस बाटोबाट आपूर्ति बन्द गरेको छ ।

# दर्शकले रुचाए 'आउट ल'को एक्सन



काठमाडौं/होलीको दिन पारेर बिहीबारदेखि प्रदर्शनमा आएको एक्सनप्रधान फिल्म 'आउट ल : दफा २१९'ले बक्स अफिसमा सुखद् सुरुवात गरेको छ । पहिलो दिन फिल्मले देशभरका हलमा ४० प्रतिशतमाथि अकुपेन्सी हासिल गऱ्यो । काठमाडौंमा केही शो हाउसफुल समेत भए । 'वर्ड अफ माउथ' बलियो भएकाले आगामी दिनमा फिल्मको अकुपेन्सी दर बढ्दै जाने विश्वास निर्माण टिमको छ ।

बिहिबार दिनभर काठमाडौंका विभिन्न हलमा पुगेर फिल्मका मुख्य अभिनेता सुशील श्रेष्ठ, निर्माता अमित अग्रहरि, निर्देशक विक्की महर्जन र सम्पादक साहिल खानले दर्शकको प्रतिक्रिया बुझेका थिए । फिल्म हेर्नका लागि युवापुस्ताका दर्शकहरुको चाप हलमा बढी देखिएको थियो । फिल्म हेरेपछि अधिकांशले यसको एक्सनको खुलेरै तारिफ गरे ।

फिल्म हेरेर निस्किएकी एक युवतीले सुशील श्रेष्ठको कामको तारिफ गर्दै नेपालमा यसअघि यो किसिमको एक्सनमा फिल्म नबनेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'सायद, यस्तो एक्सन नेपालमा अहिलेसम्म बनेकै थिएन होला । यस्तो फिल्म आएपछि हामीले बलिउड र साउथ फिल्म पनि हेर्नुपर्दैन । कथावस्तु पनि राम्रो छ ।' यस किसिमको प्रतिक्रिया अन्य दर्शकको पनि थियो ।

बिहीबार नै फिल्म हेर्न पुगेका कलाकार गजित बिष्टले पनि एक्सन पक्ष बलियो रहेको बताए । उनले भने- 'सुरुवातमा फिल्म केही 'स्लो' छ । विस्तारै फिल्मले आफ्नो पकड मजबुत तरिकाले जमाएको छ । एक्सन त गज्जब नै छ । एक्सन मन पराउने दर्शकका लागि यो फिल्म विशेष हुनसक्छ ।' उनले सुशीलले एक्सनमा गरेको मिहिनेतको पनि खुलेर प्रशंसा गरे ।

दर्शकबाट प्राप्त उत्कृष्ट प्रतिक्रियाले सुशील उत्साहित देखिएका छन् । उनी भन्छन्, 'मैले ४ वर्षसम्म एउटा राम्रो फिल्म गर्छु भनेर अफर आएका थुप्रै फिल्म छाडेको थिएँ । आज दर्शकहरुले दिनुभएको प्रतिक्रियाले उत्साहित छु ।' उनले पूर्ण एक्सन भूमिकामा काम गरेको यो पहिलो फिल्म हो । यसमा उनले ज्यान नै जोखिममा राखेर केही खतरनाक दृश्य दिएका छन् ।

विक्की महर्जनको लेखन तथा निर्देशनमा बनेको फिलममा सुशीलसहित शिक्षा संग्रौला, नरेश पौडेल, विशाल पहारी, महेश त्रिपाठी, सुमन भण्डारी, हेम महर्जन लगायतको अभिनय छ । अमित अग्रहरि र निशा गुइडेको संयुक्त निर्माण रहेको 'आउट ल'मा विक्की महर्जन र विनोद कठायतको पटकथा, नविन गुरुङको डीओपी, साहिल खानको सम्पादन तथा चुल्ठे काजीको द्वन्द्व निर्देशन छ ।

*(स्रोत: फिल्मीखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सामुदायिक केवल र टिम टेलिभिजनको संयुक्त होलीमिलन



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/हेटौंडा उपमहानगरपालिका-१ स्थित मकवानपुर सामुदायिक केवल प्रालि र टिम टेलिभिजन प्रालिले संयुक्त होली विशेष सास्कृतिक कार्यक्रम गरेका छन् ।

आपसी सद्भाव र समन्वय कायम राख्न विगतका वर्षमा झैं यस वर्षपनि होली विशेष कार्यक्रम आयोजना गरिएको टिम टेलिभिजनका अध्यक्ष नवराज खतिवडाले बताए । कला, संस्कृति र परम्पम्परालाई कायम राख्ने उद्देश्यले हरेक वर्ष यस्तो कार्यक्रम गरिदै आएको उनले बताए । टेलिभिजनमा सञ्चालित कार्यक्रममा विभिन्न कलाकारको प्रस्तूति रहेको थियो ।

कार्यक्रममा टिम टेलिभिजनका सञ्चालक एवम् सम्पादक समेत रहेका नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले होलीपर्वको महत्वको बारेमा जानकारी गराएका थिए । रङहरुको पर्व होली सामाजिक सद्भावको पर्व भएको उल्लेख गर्दै होलीले एकअर्कामा माया, प्रेम, स्नेह प्रदान गर्ने बताए ।

होली विशेष कार्यक्रममा प्रेस युनियनका अध्यक्ष सुवास विडारी, प्रेस चौतारीका अध्यक्ष सरिता दाहाल, पत्रकार महासंघ बागमती प्रदेश सदस्य उज्लल अधिकारी, समाजवादी प्रेस संगठनका जिल्ला उपाध्यक्ष जी न्यौपोन, प्रेस सेन्टरकी सहसचिव जमुना थिङ, सञ्चारिका मकवानपुर अध्यक्ष निशा गुरुङलगायत मकवानपुरका सञ्चारकर्मी, स्थानीयको उपस्थिति रहेको थियो ।

# मउवा संघको होलीमिलन

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/मकवानपुर उद्योग वाणिज्य संघले बिहीबार होलीमिलन कार्यक्रम गरेको छ ।

संघका कार्यवाहक अध्यक्ष दीपक उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा उद्योगी/व्यवसायीले आफ्नो वर्षभरिको व्यस्ततालाई भुलेर होलीपर्व मनाउन जम्मा भएको, सत्यको जीतको पर्वको रुपमा होली रहेको बताउँदै असल परम्परा र संस्कृतिलाई जोगाइराख्नु पर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरुले एकआपसमा रंग लगाइ होली मनाएका थिए । संघका पूर्वअध्यक्षहरु उत्तम शर्मा ढकाल, अरुणराज सुमार्गी र भूवनलाल श्रेष्ठ, संघका सल्लाहकार आनन्दराम पराजुली, नरेन्द्र भण्डारी, ईन्द्र नेपाल, निर्माण व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष भवनाथ अधिकारी, बस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधि, संघका पदाधिकारी तथा सदस्यहरु, महिला उद्यमी विकास समितिका पदाधिकारी तथा सदस्यलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा संघका महासचिव प्रतिमा श्रेष्ठले आफ्नो भनाइ राखेकी थिइन् ।

# नेता बानियाँले गरे अग्निहोत्राश्रम भवनको उद्‌घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/मनहरी गाउँपालिका-९ स्थित रजैयामा निर्माण गरिएको अग्निहोत्र आश्रममा रहेको बृहस्पति भवनको शुक्रबार उद्‌घाटन गरिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशसभापति तथा बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले भवनको उद्‌घाटन गरेका हुन् । भवनको उद्‌घाटन गर्दै सभापति बानियाँले सत्यको बाटोमा हिँड्न गाह्रो हुने भन्दै सबैजना सत्य र ठीकको बाटोमा हिँड्न जरुरी रहेको बताए । उनले भवन निर्माणका बाँकी कार्य सम्पन्न गर्नका लागि आवश्यक बजेट सहयोग गर्ने प्रतिवद्धता जनाए ।

आश्रमका संरक्षक डा. सीताराम खनालको सभाध्यक्षतामा भएको उद्‌घाटन कार्यक्रममा समाजसेवी ब्यवसायी अजयराज सुमार्गी, अरुणराज सुमार्गी, कांग्रेस बागमती प्रदेश संगठन विभागप्रमुख माईकल रामचन्द्र अर्याल, प्रदेश सदस्य पुरुषोत्तम ठकुरी, कांग्रेस जिल्ला सचिव भीमसेन महत, मनहरी सभापति प्रकाश वर्तौला, ताराप्रसाद चौलागाईं लगायतको उपस्थिति रहेको थियो ।

भवन निर्माणका लागि प्रदेश, स्थानीय सरकार तथा विभिन्न व्यक्तिबाट सहयोग प्राप्त भएको आश्रमका ब्यवस्थापक विनोद अर्यालले जानकारी दिए । उनका अनुसार भवनको बाँकी निर्माण कार्य यसै वर्षबाट सुरु हुने बताए ।

## प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डामा

# कांग्रेस, माओवादी र एमालेलाई ज्ञानेन्द्र शाहीको चुनौती



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुखसचेतक ज्ञानेन्द्र शाहीले क्रान्तिको नाममा राजनीतिक दलहरुले जनता लुटिरहेको आरोप लगाएका छन् ।

थाहा नगरपालिकामा आयोजित राप्रपाको दोस्रो नगर अधिवेशनको उद्‌घाटनसत्रलाई सम्बोधन गर्ने क्रममा प्रमुखसचेतक शाहीले जनता प्रमुख प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री र राष्ट्रपतिको ठाउँमा राजा चाहिन्छ भन्दै काठमाडौंमा उत्रिसकेको जिकिर गरे । उनले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जान कांग्रेस, माओवादी र एमालेलाई चुनौती दिएका छन् ।

व्यवस्थाले देश बर्बाद भएको भन्ने विषय सबैले बुझेको बताउँदै प्रमुख शाहीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने व्यवस्थामा गए राप्रपाको समर्थन रहने बताए । 'तपाईंहरुसँग दुईतिहाई छ । हिम्मत र देश बनाउने इच्छा छ भने जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुस् तपाईंहरुलाई हामी समर्थन गर्छौं । अनि चुनाव लडेर आऔं, जितौं,' उनले भने । 'आफैं मन्त्री हुने आफैं प्रधानमन्त्री हुने व्यवस्था ठीक भएन ।'

त्यसैगरी मकवानपुर क्षेत्र न १ का सांसद एवम् संसदीय पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले अहिलेको सरकारले विकासको नाममा भ्युटावर मात्र खडा गर्ने गरेको टिप्पणी गरे । वर्तमान सरकारले युवालाइ विदेश पलाएन हुनबाट रोक्न नसकेको उनको भनाई छ । उनले आफूले सदनमा थाहामा ईलाका प्रशासन कार्यालय खोल्नुपर्छ भनेर आवाज उठाएको स्मरण गर्दै रुपचन्द्र बिष्टबाट आफूले राजनीतिको धेरै कुरा सिकेको बताए ।

माओवादी थाहाका अध्यक्ष बिनोदकुमार लामाले गणतन्त्राकिक मुलुकमा राजतन्त्रको वकालत गर्न पाउनु नै सुन्दरपक्ष भएको बताउँदै एउटा व्यक्ति जन्मिएको आधारमा भन्दा जनताले चुनेको राष्ट्रप्रमुखको बिकल्प हुन नसक्ने बताए । राप्रपा थाहा नगर अध्यक्ष नवीन रायमाझीको अध्यक्षतामा शिखरकोटको फल्चामा आयोजित नगर अधिवेशनलाई राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनका जिल्ला अध्यक्ष किशोर खत्री, जिल्ला कार्यबाहक अध्यक्ष राप्रपा सागर थापा, महिला संगठनका केन्द्रीय सचिव सरस्वती लामा, केन्द्रीय सदस्य रामहरि न्यौपानेलगायतले शुभकामना राखेका थिए । अधिवेशनले कुलमान तामाङको अध्यक्षतामा २१ सदस्यीय नगरकमिटी गठन गरेको जिल्ला सदस्य दीपक थापाले जानकारी दिए ।

# किन भत्काइँदैछ निर्माण अन्तिम चरण पुगेको 'ग्वार्को फ्लाइओभर' ?



काठमाडौं, १ चैत/निर्माण अन्तिम चरणमा पुगेको ललितपुर स्थित 'ग्वार्को फ्लाइओभर' को केही भाग भत्काइएको छ । फ्लाइओभरको काम निरीक्षण गर्दा केही भागमा मापदण्ड नपुगेको पाइएसँगै भत्काउन निर्देशन दिइएको सडक विभागका महानिर्देशक रामहरि पोखरेलले जानकारी दिए ।

'मापदण्ड नपुगेको पाइएपछि प्रिकास्ट प्यानलतर्फको केही भाग भत्काउन लगाइएको छ,' उनले भने, 'निर्माण कम्पनीले पुन: मापदण्ड पूरा गरी निर्माण गर्छ ।' यसरी पुनर्निर्माण गर्दा पनि निर्माण कम्पनीले तोकेको अवधिभित्रै आयोजनाको काम सक्नुपर्ने उनको भनाइ छ । सुरुमा पर्खाल खडा गरी माटो भरेर काम अगाडि बढाउँदा पर्खाल नै चर्किएर भत्किन थालेको सडक विभागले जनाएको छ ।

जसका कारण सातदोबाटो तर्फको पर्खाल भत्काउनु परेको महानिर्देशक पोखरेलले बताए । यहाँ ३० देखि ४० मिटरसम्म पर्खाल भत्काएर पुनर्निर्माण गर्नुपर्ने देखिएको समेत उनले जानकारी दिए । पटक-पटक अवरुद्ध हुँदै निर्माण हुँदै गएको फ्लाइओभरको काम ८० प्रतिशतभन्दा माथि पुगेको छ । निर्माण कम्पनीले पाएको अवधि गत मंसिरमै सकिएको थियो ।

त्यसयता २ सय दिन निर्माण कम्पनीले जरिबाना तिरेरै भए पनि निर्माणको बाँकी काम सक्नुपर्ने सम्झौता छ । जरिबाना लगाउँदा निर्माण पक्षले चैतसम्म काम सक्ने अनुमान गरिएको थियो । तर, पुनर्निर्माण समेत गर्नुपर्ने भएसँगै यो अवधि लम्बिने भएको छ ।

यो आयोजनाको सुरुवाती अवधि भने फागुन २०८० सम्म थियो । आयोजना आशिष/समानान्तर/रेलिगेर जेभीले बनाइरहेको छ । यसअघि सडक विभागको गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रले पटक-पटक परीक्षण गरेर दु:ख दिएको भन्दै निर्माण कम्पनीले केही समय काम समेत रोकेको थियो ।

तर, केन्द्रको अनुगमन-परीक्षण र निर्माण कम्पनीको दाबीबीच पर्खाल चर्किन थालेसँगै फ्लाइओभरको केही भाग भत्काउनु परेको हो । 'इन्जिनियरिङ प्रोक्योरमेन्ट एन्ड कन्ट्रक्सन' (ईपीसी) मोडेलमा यो आयोजनाको ठेक्का लागेको हो । जसमा डिजाइनदेखि निर्माणसम्मको काम पर्छ ।

*(स्रोत: अनलाइनखबर)*

# आगामी वर्षको नीति तथा कार्यक्रम निर्माण थालियो

काठमाडौं, १ चैत/सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तयारी थालेको छ । नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई राष्ट्रपतिले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्ने व्यवस्था छ ।

आगामी आवको नीति तथा कार्यक्रमका लागि मन्त्रालयहरूले आ-आफ्ना कार्यक्रम तथा योजना बनाइरहेको अर्थ मन्त्रालयले जनाएको छ । सोही क्रममा अर्थ मन्त्रालयले समेत नीति तथा कार्यक्रमको गृहकार्य थालेको जनाएको छ ।

अर्थले कोरेको प्रारम्भिक खाका अनुसार अनौपचारिक क्षेत्रका आर्थिक गतिविधि औपचारिकीकरण गर्न अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा घटाउँदै लैजाने कार्यक्रम प्रस्ताव गर्ने जनाइएको छ । जसअनुसार अनौपचारिक अर्थतन्त्र औपचारिकीकरण गर्ने सम्बन्धमा विस्तृत अध्ययन गर्ने उल्लेख छरु।

अर्थ मन्त्रालयले एक वर्षभित्र नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' बाट बाहिर ल्याउने गरी कार्यविधि तर्जुमा र कार्यान्वयन गर्ने प्रस्तावसहित आगामी आवको नीति तथा कार्यक्रमको तयारी गरेको हो ।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरी ग्रे लिस्टबाट बाहिर ल्याउने तयारी अर्थको छ । अर्थले तीन तहका सरकार संघ, प्रदेश र स्थानीय तहको आर्थिक क्रियाकलापलाई दिशानिर्देश गर्न छाता नीतिका रूपमा संघीय आर्थिक नीति तर्जुमा गर्ने प्रस्ताव समेत गर्ने भएको छ । चैत २०८२ सम्म यस्तो नीति तर्जुमा गरिसक्ने उल्लेख छ ।

प्रस्तावित नीति तथा कार्यक्रम अनुसार मौद्रिक नीति र वित्त नीतिबीच सामञ्जस्य कायम गर्न विशेषज्ञ सम्मिलित एक 'थिंक ट्यांक' गठन गरिने छरु। यसलाई साउन २०८२ भित्र गठन गरिसक्ने समयसीमा राखिने छ । राष्ट्रिय बचत नीति तर्जुमा गर्ने पनि प्रस्तावमा उल्लेख छ । घरपरिवार र व्यावसायिक क्षेत्रको बचतलाई प्रोत्साहन गरी कुल गार्हस्थ बचत अभिवृद्धि गर्दै लगानीयोग्य पूँजीको सुनिश्चितताका लागि राष्ट्रिय बचत नीति तर्जुमा गर्ने प्रस्ताव समेत अर्थको छ ।

# राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनमा देवकोटाको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनको हेटौंडा नगरको अध्यक्षमा प्रकाशप्रसाद देवकोटा चयन भएका छन् ।

संगठनको शुक्रबार मकवानपुरको हेटौंडामा सम्पन्न नगर अधिवेशनले देवकोटाको नेतृत्वमा १३ सदस्यीय जिल्ला कमिटी चयन गरेको हो । समितिको उपाध्यक्षमा डेविट श्रेष्ठ, दिक्षान्स खड्का चयन भएको छन् । सचिव र कोषाध्यक्ष पछि चयन गरिने भएको छ । त्यसैगरी सदस्यहरुमा बिनय थापा, कृष्ण केसी, दिपेश रानामगर, रमेश लामा, किशोर श्रेष्ठ, जीतसिं भण्डारी चयन भएका छन् ।

राप्रपा केन्द्रीय सदस्य राम थोकर, राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन केन्द्रीय सचिव सरस्वती थिङ, राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन जिल्ला संयोजक किशोर केसी, राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन मकवानपुर जिल्ला संयोजक उर्बिना लामा, राप्रपा मकवानपुरका कार्यबाहक अध्यक्ष सागर थापा र नगर अध्यक्ष अरुण लामालगायत नेताको उपस्थिति थियो ।

# दयनीय विकास खर्च, ८ महिनामा २३ प्रतिशतमात्र

काठमाडौं, १ चैत/विकास खर्चमा सरकारले पुन: आफूलाई कमजोर सावित गरेको छ । बजेट निर्माणका हरेक चरणमा प्रमुख मुद्दा बन्ने गरेको विकास खर्चलाई गति दिन नसक्दा चालु आर्थिक वर्ष २०८१/८२ आठ महिना बितिसक्दा विकास खर्च २३.३७ प्रतिशतमात्र पुगेको छ ।

कुल ३ खर्ब ५२ हर्ब ३५ करोड रुपैयाँ पूँजीगत खर्चको लक्ष्य राखेको सरकारले फागुन मसान्तसम्म ८२ अर्ब ३३ करोडमात्र विकास खर्च गर्न सकेको छ । लक्ष्य अनुसार विकास खर्च गर्न अब सरकारले बाँकी चार महिना अवधिमा २ खर्ब ७० अर्ब रुपैयाँ खर्च गर्नुपर्छ ।

अर्थात्, हरेक महिना ६७ अर्ब ५० करोड रुपैयाँका दरले विकास खर्च हुनुपर्छ । यसका लागि प्रतिदिन २ अर्ब २५ करोड रुपैयाँका दरले विकास खर्च भएको हुनुपर्छ । अर्थ मन्त्रालय तथा विकासे मन्त्रालयका अधिकारीहरू भने अन्तिम चौमासमा विकास खर्चले गति लिने बताउँछन् । तेस्रो चौमाससम्म पूर्वतयारीका काममा समय जाने र फागुन-चैतपछि कामले गति लिँदा अन्तिम चौमासमा बढी भुक्तानी हुने गर्छ ।

विकास खर्च कमजोर देखिए पनि चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च भने उल्लेख्य देखिन्छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार फागुन मसान्तसम्म चालु खर्च लक्ष्यको ५१.२१ प्रतिशत भइसकेको छ । यस वर्ष सरकारले ११ खर्ब ४० अर्ब ६६ करोड रुपैयाँ बराबर चालु खर्च गर्ने लक्ष्य राखेको छ । फागुनसम्म ५ खर्ब ८४ अर्ब १२ करोड रुपैयाँ बराबर खर्च भइसकेको छ । यस वर्ष वित्तीय व्यवस्थातर्फ ३ खर्ब ६७ अर्ब रुपैयाँ बराबर खर्च लक्ष्य राखिएकोमा फागुनसम्म १ खर्ब ७२ अर्ब ८९ करोड रुपैयाँ खर्च भएको छ । जुन लक्ष्यको ४७.०७ प्रतिशत हो ।

यसरी समग्रमा सरकारले फागुन मसान्तसम्म ८ खर्ब ३९ अर्ब ३५ करोड रुपैयाँ बराबर बजेट खर्च गर्न सकेको छ । जुन लक्ष्यको ४५.१२ प्रतिशत हो । चालु आवमा सरकारले १८ खर्ब ६० अर्ब बराबर बजेट कार्यान्वयन गरिरहेको छ ।

**८ महिनामा ५० प्रतिशतमात्र राजस्व संकलन**

उता, राजस्व संकलन समेत कमजोर अवस्थामा देखिन्छ । यस वर्ष आठौं महिना बितिसक्दा राजस्व संकलन भर्खरै ५० प्रतिशत उक्लिएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार फागुनसम्म ७ खर्ब २० अर्ब ३४ करोड बराबर राजस्व उठेको छ । जुन लक्ष्यको ५०.७५ प्रतिशत हो । यस वर्ष सरकारले १४ खर्ब १९ अर्ब ३० करोड बराबर राजस्व उठाउने लक्ष्य राखेको छ । यस वर्ष कर राजस्व लक्ष्यको ४९.७४ प्रतिशत र गैरकर राजस्व ६०.३६ प्रतिशतमात्र उठेको छ ।

त्यसैगरी वैदेशिक अनुदान ९ अर्ब १६ करोड रुपैयाँमात्र प्राप्त भएको छ । यस वर्ष ५२ अर्ब ३२ करोड रुपैयाँ अनुदान उठाउने लक्ष्य राखिएको छ । अन्य प्राप्ति ९ अर्ब ३१ करोड भएको छ । यस प्रकार सरकारको कुल प्राप्ति ७ खर्ब ३८ अर्ब ८२ करोड रहेको देखिन्छ ।

**आम्दानी र खर्चबीच १ खर्बको खाडल**

सरकारको आम्दानी र खर्चबीच आठौं महिनासम्म आइपुग्दा १ खर्ब रुपैयाँ बराबरको खाडल देखिएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार फागुनसम्म ८ खर्ब ३९ अर्ब ३५ करोड खर्च हुँदा कुल प्राप्ति ७ खर्ब ३८ अर्ब ८२ करोडमात्र रहेको छ । बाँकी खर्च जुटाउन सरकारले आन्तरिक तथा वाह्य ऋणमा भर पर्नुपर्ने अवस्था छ ।

*(स्रोत: अनलाइनखबर)*

**सटर भाडामा**

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**हार्दिक समवेदना**



जन्म: १९९४-०९-२६
स्वर्गारोहण: २०८१-११-१९

स्व. टिका माया न्यौपाने

नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.का निवर्तमान अध्यक्ष श्री रामहरि न्यौपाने, मकवानपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री राजकुमार न्यौपानेको ममतामयी माता तथा पशुपतिनगर हेल्थ क्लबका कोषाध्यक्ष श्री सति न्यौपानेको सासुआमा **टिकामाया न्यौपाने**को २०८१ फाल्गुन १९ गते भएको असामयिक निधनप्रति संस्था गहिरो दु:ख व्यक्त गर्दछ । यस दु:खद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै ईश्वरसँग प्रार्थना गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाईं, महासचिव
बालगोपाल कँडेल, अध्यक्ष

**निर्माण व्यवसायी संघ मकवानपुर**
हेटौंडा, परिवार

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना